


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन ११ गते सोमबार ❑ 26 July 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## मितव्ययिता र पारदर्शिता अपनाउन निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले पारदर्शिता, सुशासन र उत्तरदायित्व बोधका साथ मितव्ययी भएर कार्यसम्पादन गर्न मन्त्री, प्रमुख सचिव र सचिवलाई निर्देशन दिएका छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आइतबार आयोजित कार्यक्रममा उहाँले बेरूजु र उजुरी फर्छ्योटमा सक्रिय रहन निर्देश दिँदै प्रदेश सरकारको श्वेतपत्र, वार्षिक नीति तथा कार्यक्रम, बजेट, आवधिक योजना, क्षेत्रगत नीति, मन्त्रालय र मातहतका निकायका वार्षिक कार्यक्रमलाई निर्धारित अवधिभित्र पूरा गर्नुपर्नेमा जोड दिए। मन्त्रालयको संस्थागत सुशासनलाई सुदृढ बनाउँदै आफू मातहतका निकायको प्रभावकारिता बढाउन चालू खर्च घटाउन र पूँजीगत खर्च बढाउन मुख्यमन्त्रीले आग्रह गरे। जनतालाई घरदैलोमा नै सेवा प्रवाह गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उनले दोहोऱ्याए।

सबै प्रदेशवासीलाई खोप उपलब्ध गराउन आफू क्रियाशील रहेको तथा त्यसनिम्ति सरकारले आवश्यक बजेट विनियोजन गरेको बताए। सेवा प्रवाह र कार्यसम्पादनमा निर्धारित विधिको पूर्णरूपमा पालना गर्न सम्बद्ध सबैलाई उनले निर्देशन दिए।

## अझै पनि परम्परावादी कृषि प्रणाली छः मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**



गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कृषि क्षेत्र अझै पनि परम्परावादी भएको बताएका छन्।

पोखरा महानगरपालिका पशु सेवा शाखाले आइतबार पोखरामा आयोजना गरेको भैसी खरिदमा अनुदान कार्यक्रममा अनुदान वितरण गर्दै मन्त्री बरालले कृषिलाई आधुनिकिकरण र व्यवसायीक बनाउन जरुरी रहेको बताउदै अझै पनि नेपालमा पुरानै शैलीको कृषि परम्परा रहेको बताए।

अरुणोदय दुग्ध उत्पादक तथा नश्नल सुधार सहकारी संस्थाको समन्वयमा भएको कार्यक्रममा वोल्दै मन्त्री बरालले केहीले कृषि सहकारी खोलेर अर्को खेलो समेत गर्ने गरेको टिप्पढी गरे। कृषि बहुउद्देश्यीय सहकारी आजको आवश्यकता भएको उनको भनाई थियो। किसानलाई प्रोत्साहन गर्न पोखरा महानगरपालिकाले किसानलाई अनुदान दिने कार्यक्रम सहित कृषक परिचय पत्र समेत वितरण गरेकोमा मन्त्री बरालले महानगरलाई धन्यवाद दिएका छन्। कृषिमा आत्मनिर्भर बनाउन कृषिको बिशिष्टिकृत हुन आवश्यक भएको उनले बताए। अहिले सवै भन्दा बढी उपेक्षित किसान भएको उनले बताए। उनले भने "कृषि जस्तो स्वाभिमानी, स्वावलम्बी पेशा अन्यमा छैन, मुलुकमा किसान र उनीहरुलाई हेर्ने दृश्टिकोण अलि फरक छ।" मन्त्री बरालले राज्यको तर्फबाट समेत किसानलाई प्रोत्साहन र सम्मान गर्न नसक्दा नेपालका किसानमा हिनतावोध भएको जनाए। यसैबिच, पोखरा महा–नगरपालिकाका मेयर मानबहादुर जिसीको हाल काठमाण्डौं स्थित न्यूरो अस्पतालमा मस्तिष्कघात कारण उपचार भई रहेकोले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना समेत गरेका छन्। २०७७, ०७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा भैसी प्रबर्द्धन कार्यक्रम अर्न्तगत ५० जना कृषकलाई जनही ३४ हजार १ सय २४ का दरले भैसी खरिदमा अनुदान वितरण गरिएको पशुसेवा शाखाका प्रमुख नवराज अधिकारीले बताए। पोखरा महानगरपालिकाका उप–मेयर मन्जुदेवि गुरुङको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

## बाटो बिराएकालाई फर्केर आउन अध्यक्ष ओलीको आग्रह

**रासस**
**काठमाडौं, १० साउन**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीमा बाटो बिराएकालाई फर्केर आउन आग्रह गर्नुभएको छ।

अखिल नेपाल महिला सङ्घ (अनेमसङ्घ) को सचिवालयको प्रथम बैठकलाई आज भर्चुअल सम्बोधन गर्नुहुँदै उहाँले सो आग्रह गर्नुभएको हो। उहाँले यसअघि पनि बाटो बिराएकालाई आममाफी दिने घोषणा गर्नुभएको थियो। "बाटो बिराएकालाई पनि फर्केर आउन आग्रह गर्छु, पार्टीको नीति र सिद्धान्तअनुसार चल्नुपर्छ", उहाँले भन्नुभयो, "पार्टीलाई स्वार्थ र विकाउमा नलगाउ, देशको सबैभन्दा बढी जनसङ्ख्या एमालेमा छन्, परिपक्क राजनीतिक पार्टी हो, यो देशको मुख फेर्ने पार्टी हो।"

पूर्वप्रधानमन्त्रीसमेतरहनुभएका अध्यक्ष ओलीले पार्टीलाई नमूना बनाई सुशासन र विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "राजनीतिलाई बेठीक बाटोमा लान खोजिँदैछ, राजनीतिलाई संसद्बाट अलग्याउन खोजिँदैछ, राजनीतिलाई राजनीतिबाट अलग्याइँदैछ, त्यही सम्झेर मैले जनतामा जानुपर्छ भनेर निर्वाचनको घोषणा गरेको थिएँ।" अध्यक्ष ओलीले एमाले पनि भन्न नछाड्ने, अनुचित क्रियाकलापमा सहभागी हुने क्रियाकलाप अपराध विषय भएको र यसले लोकतान्त्रिक आन्दोलनलाई असर परेको बताउनुभयो। "एकछिन आकाशमा बादल आउन सक्छ, एकछिन ओझेल पार्न सक्छ तर एकछिनपछि सूर्यले प्रकाश दिन्छ नै", उहाँले भन्नुभयो, "न्यानोपन दिन्छ नै, यसले आफ्नो सही विचार र सही मार्ग पनि हो, त्यसका लागि महिला जगत्ले ठूलो सहयोग जरुरी छ।" उहाँले सामाजिक जीवनका हरेक क्षेत्रमा महिला सहभागिता वृद्धि गर्दै लैजानुपर्नेमा जोड दिनुभयो। सङ्घका संयोजक थममाया थापाले पार्टीलाई सङ्गठित भएर अगाडि बढाउनुपर्ने र यसका लागि योजनाबद्ध तरिकाले अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

## पर्यटन व्यवसायी र मजदूरलाई खोप, एक करोडको राहत प्याकेज

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**

गण्डकी प्रदेशका पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मणिभद्र शर्माले कोभिड प्रभावित उद्योग एवं पर्यटन व्यवसायी र मजदूरलाई खोप लगाउन सहजीकरण गर्ने बताउनुभएको छ।

नवनियुक्त मन्त्री शर्माले आइतबार पदभार ग्रहण गर्दै कोरोना प्रभावित पर्यटन क्षेत्रको पुनःउत्थानका लागि विभिन्न योजना तथा कार्यक्रमका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले पर्यटन व्यवसायीका लागि रु एक करोडको राहत प्याकेज विनियोजन गर्ने निर्णय गर्नुभएको छ।

पदभार ग्रहण लगत्तै मन्त्रालयका कर्मचारीलाई निर्देशन दिँदै उहाँले उच्च मनोबलका साथ ढुक्क भएर काम गर्न आग्रह गर्नुभयो। कर्मचारी नै स्थायी सरकार रहेको उल्लेख गर्दै उहाँले सेवाग्राहीको आवश्यकता सम्बोधन गर्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो।

उक्त अवसरमा मन्त्रायलका सचिव डा महेश्वर ढकाल, महाशाखा प्रमुख उमा गौतम कोइराला, इमनाथ कँडेल, गोकुलशर्मा पौडेल लगायतले मन्त्री शर्मालाई स्वागत गर्नुभएको थियो।

## बाढी प्रभावित क्षेत्रको निरीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**



गण्डकी प्रदेशका भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्थामन्त्री कुमार खड्काले आज पोखरा महानगरपालिका- ३२ का विभिन्न बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्नुभएको छ।

वर्षात्को पानीका साथै विजयपुर सिँचाइ आयोजना र गडुवा खोलाको पानी तथा बेगनास ताल जल उपभोक्ता संस्थाको बिसिटु सिँचाइ आयोजनाबाट अनियन्त्रित भई आउने पानीका कारण भएको क्षतिलगायतका विषयमा मन्त्री खड्काले स्थलगत अवलोकन गरेर जानकारी लिनुभएको हो। यस क्षेत्रमा वर्षात्को समयमा पर्ने गरेको समस्याको दीर्घकालीन समाधानका लागि प्रदेश सरकार गम्भीर भएको जनाउँदै उहाँले सम्बद्ध सबैसँग सहकार्य गर्दै अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो। वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीले वर्षायामको बाढीका कारण यस क्षेत्रका सर्वसाधारण वर्षेनी समस्यामा परिरहेकाले यसको चाँडो समाधान खोज्नुपर्ने आवश्यकता औँल्याउनुभयो। बाढी नियन्त्रण तथा व्यवस्थापन समितिका अध्यक्ष शिवजी लामिछानेले वर्षात्का समयमा यस क्षेत्रका विभिन्न

बाँकी अन्तिम पृष्ठमा ▶▶



# भूतपूर्व सैनिक एवं प्रहरी कल्याणकारी महासंघको जागरण अभियान कास्कीदेखि

पोखरापत्र संवाददाता
पोखरा, १० साउन

संयुक्त भूतपूर्व सैनिक एवं प्रहरी कल्याणकारी महासंघले विभिन्न जिल्ला स्तरिय जागरण अभियान कास्कीदेखि सुरु गरेको छ।

वर्तमान समयमा भुतपुर्व सैनिक एवं प्रहरीहरुको सेवा सुविधा तथा हक अधिकारको विषयमा भूपू सैनिक अगुवाहरुको उपस्थितिमा महासंघले शुक्रबार पोखरामा जागरण अभियान सम्पन्न गरेको हो।



महासंघका अध्यक्ष कर्णेल धन बहादुर थापाले उक्त जागरण अभियान नेपालका विभिन्न जिल्लाहरुमा सञ्चालन गर्ने बताए। उनका अनुसार कास्कीसँगै बाग्लुङमा समेत अभियान सम्पन्न भैसकेको छ। कर्णेल थापाले सो महासंघमा देशका ८१ विभिन्न समितिहरु आवद्ध रहेको बताए। उनले भुपू सैनिक तथा प्रहरीहरुको हक अधिकारको प्राप्तिका लागि जागरुक गरोउने उद्देश्य सहित कार्यक्रम तय गरिएको बताए।

'हामीलाई राज्यले चिन्न सकेको छैन, उनले भने, 'हाम्रो अस्तित्व र पहिचानको लागि भुपूहरुलाई जागरुक गराउने र राष्ट्रियताको भावना उजागर गर्ने हाम्रो लक्ष्य हो।' उनले सुतिरहेको भुपूहरुलाई जागरुक गराउनकै लागि अभियान नै सञ्चालन गर्नुपरेको जानकारी दिए। 'भूपूहरु सुतेर बस्दा राज्यले वास्ता गरेन, उनले भने, 'त्यसैले अस्तित्व जगाउन र देशमा हुने अराजकता र बेथितिको विरुद्धमा डट्न आवश्यक छ त्यसैको लागि भुपूहरु उठ्नुपर्छ।' उनका अनुसार कास्कीमा सम्पन्न उक्त कार्यक्रममा गण्डकी प्रदेशको लम्जुङ, तनहुँ, गोरखा, स्याङ्जा र लुम्बिनी प्रदेशको पाल्लाबाट समेत भुपू अगुवाहरुको उपस्थिति रहेको बताए। कास्कीमा सम्पन्न अभियान कार्यक्रममा प्रमुख अतिथि समेत रहेका गार्खा व्रिगेड समितिका सल्लाहकार कर्णेल भुम बहादुर गुरुङ लगायतले बोलेका थिए। महासंघले सामाजिक सुरक्षा भत्ता, सेवा सुविधा र हक अधिकारको विषयमा आवज बुलन्द गर्दै आएको छ।

# डिजिटल प्रबर्द्धनका लागि होटल संघ र एनालग इन्कविच सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, १० साउन

कोभिड-१९ बाट थला परेको पर्यटन क्षेत्रलाई डिजिटल माध्यमबाट प्रबर्द्धन गरी पूर्ववत अवस्थामा फर्काउने उद्धेश्यका साथ पश्चिमाञ्चल होटल संघ पोखरा र काठमाडौंको गौशलामा कार्यालय रहेको एनालग इन्क प्रालि विच शनिबार एक सम्झौता पत्रमा हस्ताक्षर भएको छ।



पोखरामा अयोजित एक कार्यक्रममा संघका अध्यक्ष विकल तुलाचन र इन्कका प्रमुख कार्यकारी अधिकृत आशुतोष अग्रवालले हस्ताक्षर गरी सम्झौतापत्र साटासाट गरेका थिए। सम्झौता अनुसार इन्कले संघसँगको सहकार्यमा संस्थाका सदस्य होटलहरुलाई २० प्रतिशत छुटमा डिजिटल माध्यमबाट बजारिकरणमा सघाउने जनाइएको छ। कोभिड माहामारीको अवस्थमा पनि इन्टर नेटका माध्यमबाट पोखराका होटलहरुमा सेवा सहज बुकिङ गर्न सकिने वेबमा आधारित प्रणाली इन्कले विकास गर्ने छ।

संघको वेबसाइटको रिडिजाइन, वेब सेवामा आधारित रही होटलहरुको डिजिटल ब्राण्डिङ, सोसल मिडिया र सूचना प्रविधिसँग सम्बन्धित सेवाहरु समेत इन्कले प्रदान गर्ने संघका अध्यक्ष विकल तुलाचनले जानकारी दिए। संघसँगको रणनीतिक साझेदारीले पर्यटन क्षेत्र, व्यवसायी र इन्कलाई समेत आपसी लाभ हुने विश्वास इन्कका प्रमुख कार्यकारी अधिकृत अग्रवालले व्यक्त गरे। कोभिड- १९ का कारण अर्थतन्त्र, दैनन्दित जिवनचर्या, सार्वजनिक सेवा र विविध अवसरहरुका अतिरिक्त पर्यटन क्षेत्र समेत नराम्रो गरी प्रभावित भएको भन्दै इन्कले डिजिटल बजारिकरणले यस्तो अवस्थालाई सकात्मक दिशा दिन सघाउ पुग्ने विश्वास व्यक्त गरेको छ। कोभिडका कारण आन्तरिक तथा अन्तर्राष्ट्रिय रुपमा हुने आवागमनमा न्यूनता आउँदा पोखराको पर्यटन क्षेत्रको सम्पर्क अन्तर्राष्ट्रिय पर्यटन बजारसँग टुटेजस्तै भएको र होटल क्षेत्रका धेरै बुकिङहरु समेत रद्द भएको अवस्था समेत जारी संयुक्त विज्ञप्तिमा स्मरण गरिएको छ।

# लायन्स तालबाराहीद्वारा सरसफाई सहित वृक्षारोपण

पोखरापत्र संवाददाता
पोखरा, १० साउन

लायन्स क्लब तालबाराहीद्वारा पैदलमार्ग कास्कीकोट क्षेत्रमा बृहद सरसफाईसहित वृक्षारोपण गरिएको छ।



क्लवको नियमित कार्यक्रमअन्तर्गत पोखरा सराङ्गकोट, कास्कीकोट, चापाकोट, पञ्चासे पुम्दी हुदै पोखरा-१७ को ७४ किलोमिटर एरियामा सुरु गरिएको बृहद पैदलमार्ग एरियाको कास्कीकोमा सो कार्यक्रम गरिएको क्लवका अध्यक्षशिवप्रसाद तिमिल्सिनाले बताउनुभयो। कार्यक्रमको शुभारम्भ गर्दै लायन्स क्लष्टर प्रमुख भिष्मराज पौडेलले लायन्सद्वारा हरेक क्षेत्रमा गरिने हरेक कार्यक्रम महत्वपूर्ण रहेको बताउनुभयो। २०० भन्दा बढी विभिन्न जातका फलफूलका बिरुवा रोपण सहित सरसफाई गरिएको थियो। क्लवका अध्यक्ष शिवप्रसाद तिमिल्सिनाको सभापतित्वमा भएको कार्यक्रममा लायन्स क्लवका जोन प्रमुख किशोर सुवेदी, क्षेत्र प्रमुख भरतराज सिग्देल, पूर्व अध्यक्ष नारायण पौडेल, दीपेन्द्र राई, उपाध्यक्ष टिकाराम चपाई, डिल्लिराज सुवेदी, विष्णुहरी सुवेदी लगायतले आ आफ्ना भनाई राख्नुभएको थियो।

क्लवले पहिलो चरणमा कास्कीकोट, र क्रमशः पैदल मार्ग क्षेत्रको सम्पूर्ण एरियामा वृक्षारोपण, सरसफाई अभियान गरिने कार्यक्रम रहेको अध्यक्ष तिमिल्सिनाले बताउनुभयो।

# दुई हजार २३७ संक्रमित, १८ को मृत्यु

रासस
काठमाडौं, १० साउन

पछिल्लो २४ घण्टामा देशभर दुई हजार २३७ सङ्क्रमित थपिएका छन् भने दुई हजार ५० जना सङ्क्रमणमुक्त भएका छन्। जम्मा १० हजार ५६९ लाई पिसीआर र तीन हजार २६५ को एन्टिजिन विधिबाट गरी जम्मा १३ हजार ८३४ जनामा भएको परीक्षणमा सो सङ्क्रमण देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा नै १८ को कोभिडका कारण मृत्यु भएको छ। हाल मोरङ, सुनसरी, झापा, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, नवलपरासी पूर्व, कास्की र रूपन्देही गरी देशभरका १० जिल्लामा सक्रिय सङ्क्रमित ५०० भन्दा बढी रहेका छन्। छब्बीस जिल्लामा सक्रिय सङ्क्रमितको सङ्ख्या २०० भन्दा बढी रहेको छ। हालसम्म देशभरमा गरी ३५ लाख ३९ हजार ८३ जनाको पिसीआर र दुई लाख ८९ हजार ७२९ को एन्टिजेन विधिबाट परीक्षण भएको छ।

अहिलेसम्म पिसीआर विधिबाट भएको परीक्षणमा जम्मा पोजेटिभ छ लाख ८० हजार ५५६ देखिएका छन्। हालसम्म सङ्क्रमितमध्ये छ लाख ४३ हजार ६१५ लाई निको भएको छ। सङ्क्रमितमध्ये निको हुने दर ९४ दशमलव छ प्रतिशत रहेको छ। हालसम्म नौ हजार ७१३ को मृत्यु भएको छ।

## बाढी...

स्थानमा क्षति पुग्ने गरेको जनाउँदै समस्याको समयमा नै समाधान नखोजेमा दीघकालीनरुपमा ठूलो असर पार्ने बताउनुभयो। नेपाल तरुण दलका केन्द्रीय सदस्य भरत थापा, गोगन माध्यमिक विद्यालयका अध्यक्ष मेघराज पौडेल, नेपाली काँग्रेस वडा नं ३२ का सचिव किसन परियार, नेपाल तरुण दल वडाका पूर्व अध्यक्ष कीर्तिराज खनालगायतले यस क्षेत्रमा बाढीले पार्ने गरेको प्रभाव र समाधानका उपायलगायतका विषयमा मन्त्री खड्काको ध्यानाकर्षण गराउनुभएको थियो।


यस प्रा.लि.बाट उत्पादित विभिन्न ब्राण्डका वाईनहरुको मूल्यसूची आ.ब. २०७८/०७९ का लागि मिति २०७८/०४/११ देखि लागु हुने गरी हाललाई मिति २०७७/०४/१४ गतेको पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित मूल्यसूची बमोजिम नै कायम गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

snowman
स्नोम्यान वाईनरी प्रा. लि.
पनौती, काभ्रे



## हार्दिक बधाई



माननीय मन्त्री बिन्दुकुमार थापा

यस चण्डिमाई सेवा समितिका मानार्थ सदस्य गण्डकी प्रदेशका सांसद माननीय **बिन्दुकुमार थापा**ज्यू गण्डकी प्रदेश सरकारको गरिमामय **कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री**मा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

अध्यक्ष : तेजबहादुर भुजेल
उपाध्यक्ष : हरिबहादुर भुजेल
सचिव : रामु वास्तोला
कोषाध्यक्ष : केशबबहादुर भुजेल
सदस्यहरू:
हरिमाया गुरुङ
विना श्रेष्ठ
रामबहादुर खवास ठकुरी
इन्द्रबहादुर खवास
पूर्णबहादुर भुजेल
अमृतमान श्रेष्ठ
हरिबहादुर के.सी.
सल्लाहकारहरू:
वेदकुमार श्रेष्ठ
केशब प्रसाद रेग्मी
श्याम बहादुर राना
विरबहादुर गुरुङ
कृष्ण बहादुर श्रेष्ठ

तथा चण्डीमाई सेवा समिति परिवार पोखरा-९, दरबारथोक, कास्की



## WANTED

**Nobel Secondary School**
**Ranipauwa, Pokhara-11, Kaski**

Teachers with excellent communication and interpersonal abilities in Primary level are requested to drop their application for the following posts:

| | |
|---|---|
| 1. | English Teacher – 1 |
| 2. | Science Teacher – 1 |


Salary: Negotiable
Deadline: 2078/04/15, Friday
The candidates must have Bachelor's degreein the positions called for.
**Please call:**
**061-522636, 9846044477, 9856088208**
Email: nobelschool11@gmail.com



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# ब्यापारीलाई मन्त्रीमा प्राथमिकता

नेपाली कांग्रेसले कुन वर्गको प्रतिनिधित्व गर्छ भन्ने बुझ्न मन्त्रीमा कस्ता छानिन्छन भन्ने बुझ्नुपर्छ । संघीय सरकारमा स्वास्थ राज्यमन्त्री ब्यापारी उमेश श्रेष्ठ नियुक्त भए । शिक्षा ब्यापारी श्रेष्ठलाई प्रधानमन्त्री शेर बहादुर देउवाले स्वास्थ्य राज्यमन्त्री बनाएर स्वास्थ्य क्षेत्रमा लगानी बढाउँदै गरेकालाई अनुकूलता थपिदिएका छन । शिक्षा र स्वास्थ्यमा राज्यको लगानी बढाउँदै जाने माग उठाउँदै आउनेलाई निजी क्षेत्रको ब्यक्तिलाई जिम्मेवारी दिनु सरकारले कुन वर्गलाई प्राथमिकता दिन्छ भन्ने गतिलो प्रमाण हो । विगतमा निजी क्षेत्रका ब्यक्ति संसदीय समितिमा रहँदा निजी क्षेत्र मैत्री कानुन बनेका थिए । शिक्षा, स्वास्थ्य, बैंकिङ, सहकारी क्षेत्रका कानुनमा विवादास्पद प्राब्धान राखिएका थिए । त्यसलाई सच्याउनुको साटो त्यस्तैलाई जिम्मेवारी सुम्पनु काङ्ग्रेस नेतृत्वको वर्ग पक्षधरता हो ।

केन्द्रमा जस्तैः गण्डकी प्रदेश सरकारमा भएको मन्त्री छनोटले हरेक क्षेत्रमा वर्ग पक्षधरता झल्काउँछ । कांग्रेस नेता कृष्णचन्द्र पोखरेल नेपाली मुख्यमन्त्री बनेको ४२ दिनपछि बल्लतल्ल गरिएको मन्त्रिपरिषद् विस्तार पनि विवादमा परेको छ । मन्त्री बन्नेहरूको सूचीमा आफ्नो पनि नाम परेको जानकारी पाएपछि शपथ खान हिँडेका डोबाटे विश्वकर्माले दमौलीबाट गगनगौँडा पुग्दा बाटैमा आफ्नो ठाउँमा अर्कैले शपथ खाएको समाचार सुने । विश्वकर्माको नाम हटाएर उनको ठाउँमा पोखराका धनाढ्य व्यापारी विन्दु थापाको नाम समावेश भए । विश्वकर्मालाई हटाएर ब्यापारी थापालाई मन्त्री बनाउन प्रधानमन्त्री एवं पार्टी सभापति शेर बहादुर देउवाले निर्देशन दिएको समाचार सार्वजनिक भइसकेको छ। विश्वकर्माको नाम कटाएर थापालाई समावेश गरिएको मन्त्रिपरिषद्मा एकजना पनि दलितको प्रतिनिधित्व छैन ।

दलित अगुवा डोबाटेको ठाउँमा घरजग्गाको ठूलो कारोबारमा संलग्न धनाढ्य व्यापारीलाई मन्त्री बनाइनु दलितको निरन्तर सीमान्तीकरणको एउटा पछिल्लो उदाहरण हो । यसपटक पोखरेलको ११ सदस्यीय मन्त्रिपरिषद्मा पनि एकजना मात्र महिलालाई समावेश गरिएको छ भने दलितहरूको प्रतिनिधित्व छैन । हालै मात्र कांग्रेस र माओवादीलाई समावेश गरिएको प्रदेश दुईको मन्त्रिपरिषद्मा पनि दलितको प्रतिनिधित्व छैन । लुम्बिनी प्रदेशमा पनि अवस्था उस्तै छ, दलितलाई मन्त्रिपरिषद्मा सामेल गरिएको छैन । बागमती प्रदेशको अवस्था पनि फरक छैन । मन्त्रिपरिषद् मा महिलाको प्रतिनिधित्व त छ, तर त्यो पनि बाहिर देखाउन मात्रै प्रतिनिधित्व गराइएको जस्तो देखिन्छ । कर्णाली प्रदेशको मन्त्रिपरिषद्मा मन्त्री सीता नेपालीबाहेक समावेशी प्रतिनिधित्वको सिद्धान्तअनुरूप प्रतिनिधित्व छैन । महिला र दलित मात्र होइन, जातीय प्रतिनिधित्व र क्षेत्रगत प्रतिनिधित्वको विषय पनि उस्तै छ । डोबाटेको ठाउँमा घरजग्गाको ठूलो कारोबारमा संलग्न एकजना धनाढ्य व्यापारी मन्त्री बन्नु दलितको निरन्तर सीमान्तीकरणको एउटा पछिल्लो उदाहरण मात्र हो, जसले नेपालको राजनीतिमा शक्तिसम्पन्न सम्भ्रान्तहरू कसरी दलित, महिला र जनजातिसँग शक्ति साझेदारी गर्नबाट तर्किरहेका छन् भन्ने देखाउँछ ।

नेपाली राजनीतिमा पछिल्लो समय दुईवटा पक्ष समानान्तर रूपमा चलिरहेका छन् । नेपाली जनताका विभिन्न हिस्साले लामो समयसम्म गरेको संघर्षको बलमा ०७२ को संविधानमा सामेल भएको समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तको व्यावहारिक कार्यान्वयनका लागि दबाब एकातिर जारी छ । अर्कातिर राज्य र राजनीतिक दल अभिजात वर्गका हातमा छन् । यो वर्गले राजनीतिक शक्तिमा पछिल्लोपटक दाबी गरिरहेका महिला, दलित र जनजातिलाई सकेसम्म पन्छाउन र आफ्नो परम्परागत वर्चस्व यो या त्यो रूपमा स्थापित गर्न बल गरिरहेको छ । शक्तिमाथिको नियन्त्रणका कारण उसको हात अहिले पनि माथि छ । सबै दल धेरथोर यसै धारमा हिँडिरहेका छन् । अहिले जेजति समावेशी प्रतिनिधित्वको अवस्था छ, त्यो संवैधानिक रूपले चुनौती दिनै नसक्ने अवस्थामा निर्वाचित प्रतिनिधित्वको क्षेत्रमा मात्र कायम छ । यसले राजनीतिको एउटा विद्रूप चित्र देखाउँछ । राजनीतिक कार्यकर्ताका ठाउँमा ठेकेदार, डन, पैसाले शक्ति खरिद गर्ने हैसियतका कारोबारीहरू पुगेका छन् । उनीहरू पद र शक्तिका लागि दल त्यागेर पनि जहाँ अबसर पाईन्छ त्यतै लाग्छन् भन्ने एमालेका ब्यापारी र ठेकेदार सांसदहरूको क्याम्प परिवर्तनले देखाएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : झमेला बड्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# निषेधाज्ञा खुलेपछि डुङ्गा व्यवसायी आशावादी

**पोखरापत्र संवाददाता**
**पोखरा, १० साउन**

दश दिनयता आन्तरिक पर्यटक फाटफुट देखिन थालेपछि बेगनास तालका डुङ्गा व्यवसायीको मुहारमा खुशी देखिन थालेको छ । कोरोना सङ्क्रमणका कारण तीन महीनादेखि ठप्प डुङ्गा व्यवसाय चलायमान हुँदा व्यवसायीको मुहारमा खुशी देखिन थालेको हो ।

विशेषगरी शनिबार र बिदाका दिनमा बेगनास ताल वरपर आन्तरिक पर्यटकको चहलपहल शुरु हुने गरेको डुङ्गा व्यवसायी चन्द्रा सापकोटा बताउनुहुन्छ । "शनिबार ताल वरपर आन्तरिक पर्यटकको चहलपहल बाक्लै देखियो, २० डुङ्गा सञ्चालनमा आए", डुङ्गा व्यवसायी सापकोटाले भन्नुभयो, "पोखरा तथा वरपर गाउँका मानिस बिदाका दिन परिवारसहित बेगनास तालमा घुम्न आउने क्रम शुरु भएको छ ।" आन्तरिक पर्यटक नौका बिहार र माछाका परिकार खान बेगनास पुग्ने गर्छन् माछाका परिकारको लागि बेगनास ताल वर्षौंदेखि प्रसिद्ध मानिँदै आएको छ । बेगनास ताल डुङ्गा व्यवसायी समितिका सचिव शोभाखर कँडेलले भन्नुभयो, "कोरोना सङ्क्रमणकै कारण अघिल्लो वर्ष सात महीना ठप्प बनेको डुङ्गा व्यवसाय यसवर्ष तीन महीनामै चलायमान हुँदा खुशी लागेको छ, अब नेपाल सरकारले डुङ्गा व्यवसायी र सर्वसाधारणलाई कोरोना विरुद्धको खोप लगाइदिएमा ढुक्क भएर डुङ्गा सञ्चालन गर्ने थियौँ ।" यहाँ कार्यरत डेढसय डुङ्गा व्यवसायीमध्ये एक जनालाई पनि यसवर्ष कोरोना सङ्क्रमण नदेखिनु खुशीको कुरा भएको उहाँले जानकारी दिनुभयो । दुई वर्षअघि स्वदेशी तथा विदेशी पर्यटकले खचाखच हुने बेगनास तालमा लकडाउन खुकुलो भएसँगै आन्तरिक पर्यटकको आकर्षण बढेको छ । साउनको शुरुदेखि नै दैनिक पर्यटक बढ्दै आएका छन् । पोखराकै दोस्रो ठूला ताल बेगनासमा डेढ सयको सङ्ख्यामा डुङ्गा व्यवसायी र २४९ डुङ्गा सञ्चालनमा छन् । सचिव कँडेलले भन्नुभयो, "यो ताल ३७३ हेक्टर क्षेत्रफलमा फैलिएको छ, ताल वरपर बाक्लो बस्ती नभएकै कारण तालको पानी सफा भएकाले पोखराको फेवा तालभन्दा बेगनासमा नै नौका बिहार गर्न अन्तरिक एवं बाह्य पर्यटकले मन पराउने गरेका छन् ।" दश दिनअघि ताल वरपर आन्तरिक पर्यटक फाटफुट देखिन थालेपछि डुङ्गा व्यवसायी समितिले स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर डुङ्गा सञ्चालन गर्ने निर्णयसँगै पालो अनुसार व्यवसायीलाई सञ्चालन गर्ने निर्णय गरेको कँडेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अहिले सबै डुङ्गा व्यवसायी तालको छेउमा आउनुपर्दैन, पालो परेका दिन तपाईंको पालो आज परेको छ, डुङ्गा सञ्चालन गर्न आउनुहोस् भनेर समितिका कर्मचारीले नै बोलाउनुहुन्छ ।"

बेगनास तालमा नौका बिहार गर्न आउने आन्तरिक पर्यटकमध्ये कसैले मास्क प्रयोग नगरेको भए प्रयोग गर्ने र हातमा सेनिटाइजर दल्न लगाउने तथा सकेसम्म डुङ्गामा एउटै परिवारका सदस्यलाई मात्र राख्ने गरिएको डुङ्गा व्यवसायी राम कोइराला बताउनुहुन्छ । बेगनास तालमा एक घण्टा नौका बिहार गरेबापत व्यवसायीले रु ६०० र पाइडलबोटको रु एक हजार लिने गरिएको छ । डुङ्गाबाट ताल वरपरका जङ्गल, बेगनास तथा माझठाना गाउँ, अन्नपूर्ण हिमशृंखला, कालिकाको ठूलाकोट तथा बेगनासको सुन्दरी डाँडाको मनोहर दृर्ष्यावलोकन गर्न सकिन्छ । कोरोनाका कारण यहाँ कार्यरत २५ प्रतिशत डुङ्गा व्यवसायी विस्थापित भएका र केही डुङ्गा व्यवसायी विदेश तथा कतिपयले अन्य व्यवसाय रोजेको डुङ्गा व्यवसायी समितिले जनाएको छ । बेगनास तालमा विसं २०३७ देखि व्यावसायिक रुपमा डङ्गा सञ्चालन हुँदै आएको हो । पैतीस वर्षदेखि डुङ्गा व्यवसाय सञ्चालन गर्दै आउनुभएका कँडेल भन्नुहुन्छ, "२०५३ साल अघिसम्म गाउँगाउँमा सडक नखुल्दा यहाँको डुङ्गा व्यवसाय नौका बिहार मात्र नभइ कास्कीको बेगनास, माझठाना, सैमराङ, भाचोक, मिजुरे र लमजुङस्थित पर्यटकीय पसगाउँवासीले डुङ्गामार्फत छोटो बाटोको रुपमा प्रयोग गर्दै आएका थिए ।"

# जननेता मदन भण्डारीका नाममा कभर्ड हल

**पोखरापत्र संवाददाता**
**बागलुङ, १० साउन**

जननेता मदन भण्डारीका नाममा बागलुङ नगरपालिका–३ चिप्लेटीमा बहुउद्देश्यीय कभर्ड हल निर्माण गरिएको छ । मदन भण्डारी स्पोर्टस एकेडेमीले तीन वर्ष सो संरचना तयार गरेको हो ।

बजेट अभावमा गत वर्ष काम रोकिएको थियो । पहिलो वर्ष खेलकुद मन्त्रालयबाट आएको रु २० लाख बजेटबाट भुइँ ढलान र छानो राख्ने काम मात्र भएको थियो । मन्त्रालयबाट थप रु १० लाख बजेट थपिएपछि बाँकी काम पूरा भएको एकेडेमीका अध्यक्ष कृष्ण कार्कीले बताउनुभयो । "कभर्ड हलको काम करिब सकियो, छिटपुट काम अहिले भइरहेको छ", उहाँले भन्नुभयो । पछिल्लो बजेटबाट बार, झ्यालढोका, शौचालय, रङरोगनलगायत काम गरिएको छ । कभर्ड हल निर्माणका लागि नगरपालिकाले जग्गा दिएको थियो । फलामको ट्रस प्रविधिबाट हल बनाइएको हो ।

खेलकुद गतिविधिसहित अन्य सामाजिक कार्यमा समेत उपयोग हुने गरी कर्भड हल निर्माण गरिएको हो । कभर्ड हल मुख्यरूपमा ब्याडमिन्टन खेललक्षित छ । आवश्यकता पर्दा तेक्वान्दो, कराँतेजस्ता खेलका लागि पनि कभर्ड हलको प्रयोग गर्न सकिने एकेडेमीले जनाएको छ । स्थानीयवासीले सार्वजनिक हितका काममा समेत हलको प्रयोग गर्न पाउने भएका छन् । यसका निर्माणमा ढिलाइ हुँदा यसअघि खेलप्रेमी र स्थानीयवासीले गुनासो गर्दै आएका थिए । गैह्रापाटा टोल सुधार समितिका अध्यक्ष भक्त रसाइलीले कभर्ड हल बनेपछि खेलकुदसँगै सामाजिक गतिविधिका लागि सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । नयाँ खेलाडी उत्पादनसँगै खेल गतिविधिको प्रवर्द्धनका लागि कभर्ड हल बन्नु सुखद रहेको वडाध्यक्ष लक्ष्मी बाँस्कोटाले बताउनुभयो । खेलाडी र खेल पूर्वाधारको विकासका लागि नगरपालिकाले समेत लगानी बढाउनुपर्ने उहाँको भनाइ छ ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. सं. १९८६/०२/१२ गते

स्वर्गारोहणः
वि. सं. २०७८/०३/३० गते

स्वः जगत कृष्ण कर्माचार्य

यस चण्डीमाई सेवा समितिका आजिवन सदस्य **जगतकृष्ण कर्माचार्य** को ९२ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्तै मर्माहित भएका छौं। यस दुःखद घडिको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**तेज बहादुर भुजेल**
**अध्यक्ष तथा**
**चण्डीमाई सेवा समिति परिवार**
**पोखरा-९, दरबारथोक, कास्की**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. सं. २०१२/०४/१२ गते

स्वर्गारोहणः
वि. सं. २०७८/०३/३० गते

स्वः जगत बहादुर कुँवर

यस समाजका वरिष्ठ सल्लाहकार **जगत बहादुर कुँवर** को ६६ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दुःखद घडिको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ध्रुव कुँवर**
**अध्यक्ष तथा**
**कुँवर समाज समिति परिवार**
**पोखरा-८, कुँवरटोल**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. सं. २०२२/११/२३ गते

स्वर्गारोहणः
वि. सं. २०७८/०३/३० गते

स्वः कल्पना कुँवर खाँण

यस समाजका साधारण सदस्य श्री रामनाथ कुँवर खाँणकी धर्मपत्नी **कल्पना कुँवर खाँण** को ५६ वर्षको उमेरमा भएको असामयीक स्वर्गारोहणले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दुःखद घडिको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**ध्रुव कुँवर**
**अध्यक्ष तथा**
**कुँवर समाज समिति परिवार**
**पोखरा-८, कुँवरटोल**


# Vacancy Announcement

INTERNATIONAL NEPAL FELLOWSHIP

Vacancy Notice No.: GPH-EVA-02-2078-79

International Nepal Fellowship (Nepal) is Non-Government Organization established in 1952 and serving poor and disadvantaged people of Nepal to enable life in its fullness through health and development service. INF Nepal is currently working in health and community development service in Gandaki, Lumbini, Karnali and Sudurpashim provinces of Nepal.

INF Nepal Green Pasture Hospital (GPH), Pokhara, serving peoples with specialized treatment and rehabilitation services in leprosy, dermatology, spinal cord injuries & other neglected trauma, ear car, palliative care etc. is looking for qualified, skilled, service oriented and committed Nepali citizens who share our vision, missions and values.

1. Position: Staff Nurse | Required Number: 5 | Location: GPH , Pokhara

**Purpose of the Job:**
The job holder promotes and restores patients' health by completing the nursing process; collaborating with physicians and multidisciplinary team members; providing physical and psychological support to patients, friends, and families and supervising assigned team members in GPH.

**Required Qualifications, Skills and knowledge:**
- Proficiency level certificate in nursing and registered with Nepal Nursing Council.
- Preference will be given to those having one years of relevant work experience
- Good interpersonal skills, patience, empathy and ability to motivate and encourage people.
- Able to abide and demonstrate INF Nepal values at ones area of work.

All eligible and interested candidates who meet the above criteria can send their application stating the post applied for with detailed curriculum vitae on given email address by **31 July, 2021.**

INF Nepal, Pokhara
Email: recruitment@nepal.inf.org

Only shortlisted candidates will be invited to participate in further assessment and selection process.
INF Nepal encourages applications from persons with disabilities disadvantaged and vulnerable groups.

*INF Nepal reserves the right to hold partial or whole applications process any time without giving any reason whatsoever. Any effort by the candidates to influence the selection process may result to disqualify.*

# लामो पुलमा बढ्यो आन्तरिक पर्यटकको चहलपहल

पोखरापत्र संवाददाता
बागलुङ, १० साउन

बागलुङ र पर्वत जिल्ला जोड्ने गरी निर्माण गरिएको नेपालकै लामो झोलुङ्गे पुलमा आन्तरिक पर्यटकको चहलपहल पुनः शुरु भएको छ। लामो समयको निषेधाज्ञा र निरन्तरको बर्सातका कारण घरमै थुनिएका आन्तरिक पर्यटकले पुलवरपरको क्षेत्र भभिराउन हुन थालेको छ।

कालीगण्डकी नदीमाथि निर्माण गरिएको ५६७ मिटर लामो झोलुङ्गे पुल नेपालकै लामो हो । पुल व्यवस्थापनको जिम्मा पाएको बागलुङ नगरपालिकाले उक्त पुल विश्वकै लामो भएको दाबी गर्दै गिनिजबुकमा नाम लेखाउन निवेदनसमेत दिइसकेको छ । गण्डकी प्रदेशको उत्कृष्ट धार्मिक पर्यटकीय क्षेत्र कालिका मन्दिर नजिकै २५ रोपनी क्षेत्रफलमा फैलिएको सुन्दर शहीद उद्यानभित्रबाट पर्वतको कुश्मा नगरपालिका-१ अदुवाबारी जोड्ने पुलमा अहिले आन्तरिक पर्यटकको भीड नै लाग्ने गरेको छ। कोरोनाको पहिलो लहरपछि सर्वसाधारणका लागि खुला गरिएको उक्त पुल दोस्रो लहरमा बन्द थियो।

अत्यावश्यक कामबाहेक पर्यटकका लागि बन्द गरिएको पुल निषेधाज्ञा खुकुलो भएसँगै पर्यटकको चहलपहल पुनः बढ्न थालको छ। निषेधाज्ञाले घर र कार्यालयमा मात्रै सीमित बागलुङ बजारका अमिट कार्की एक हप्तादेखि साँझपख लामो पुलमा घुम्न आउने गरेको बताउनुहुन्छ।

अहिले बागलुङ बजारवासी पुल तरेर पर्वतको कुश्मा-१ अदुवाबारीमा घुम्न जाने, रेष्टुराँमा खाजा खाने र कालीगण्डकी किनारामा रमाउने गर्न थालेका हुन् । अदुवाबारीमा रहेका आधा दर्जन रेष्टुराँ तथा पसल पर्यटकले भरिभराउ हुने गरेका छन्। कोरोना जोखिम कायमै रहेको हुँदा पुलमा बागलुङ र पर्वत बाहिरका पर्यटक भने खासै आउने गरेका छैनन् । कोरोनाका कारण घरभित्रै सीमित रहेका बागलुङ र पर्वतवासी निषेधाज्ञा खुकुलो भएसँगै पुलमा घुम्न आउन थालेपछि सुरक्षाका लागि प्रहरीसमेत तैनाथ गरिएको छ। गर्मी मौसममा साँझपख कालीगण्डकी नदीमाथिको पुलमा चिसो हावा खान आउने गरेको आन्तरिक पर्यटक सुमन सुवेदीले बताउनुभयो । पुल निर्माण गर्दा अस्तव्यस्त बनेको शहीद उद्यान बागलुङ नगरपालिका र वन विभागको साझेदारीमा सौन्दर्य अभिवृद्धि गरेपछि उद्यानमा समेत पर्यटक बढ्न थालेका छन्।

साविक धवलागिरि अञ्चलकै ठूलो जनघनत्व भएको बागलुङ बजार नजिकै शहीद उद्यान र लामो पुल भएकाले पर्यटकहरूको भीड नै लाग्ने गरेको छ । नियमितरूपमा प्रातः तथा सायमकालीन पैदल भ्रमण गर्नेले समेत पुल र उद्यान भरिन थालेको छ। रु ४० लाखमा गत असारमा उद्यानलाई थप सुन्दर बनाइएको बागलुङ नगरपालिकाका प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । "पुल निर्माण गर्दा उद्यानमा क्षति पुगेकाले आलोचनासमेत खेप्नुपरेको स्मरण गर्दै हामीले पुल निर्माण भएपछि उद्यानलाई पुनः व्यवस्थित गरेका छौँ", नगरप्रमुख पौडेलले भन्नुभयो, "हराभरा उद्यानको बीचमा लामो झोलुङ्गे पुल भएकाले पर्यटकीय दृष्टिले निकै आकर्षक भएकाले थप पूर्वाधारसमेत बनाउँदै लैजाने छौँ ।" अहिले नगरपालिकाले उद्यानमा एक जना हेरालुसमेत राखेको छ । पुलमा दैनिक २०० देखि ३०० आन्तरिक पर्यटक पुग्ने गरेका छन्।


## निक्षेप उपर हकदावी सम्वन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति २०७८/०४/११

यस संस्थाका सदस्य राजु पुनको बुहारी दल बहादुर पुनको श्रीमती गण्डकी अञ्चल कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा.वडा नं. १० स्थायी घर भै हाल गण्डकी प्रदेश कास्की जिल्ला पोखरा म.न.पा.वडा नं. १० बस्ने वर्ष ७९ की धर्म पुन (ना.प्र.नं. ४६-०१-७४-३५१)ले यस पोखरा रोयल वचत तथा ऋण सहकारी संस्था लिमिटेडमा खाता संचालन गर्नु भएकोमा, निजको मिति २०७८/०२/२१ गते निधन भएको भनि कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १० बस्ने निजका छोरा दलराज पुन (ना.प्र.नं. ११६४२०) ले सम्बन्धित कागजात समेत संलग्न राखि उक्त खातामा रहेको रकम भुक्तानी पाउँ भनी यस सहकारीमा मिति २०७८/०४/१० मा निवेदन गरेको हुँदा निज खातावालाको यस संस्थामा भएको रकममा अरु कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ-आफ्नो भएको सवुत प्रमाण सहित यस सहकारीमा हकदावी गर्न आउनुहोला अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालय: पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं.: ०६१-५३८८३३



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९५/०३/२० गते

स्वर्गारोहणः
वि.स. २०७८/०४/०५ गते

स्वः देबकी भट्टराई

यस टोल विकास संस्थाका अध्यक्ष टंक प्रसाद भट्टराईकी माया, ममता र स्नेहीकी खानी पुजनीय आमा **देबकी भट्टराई**को ८३ वर्षको उमेरमा भएको असामयीक निधनको आज सातौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**लामोडहर टोल विकास संस्था परिवार**
**पोखरा-१३, लामोडहर, कास्की**



भाका, भूल, दया, क्षमा र ममता, सन्तोष जान्दैन त्यो ।
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा, त्यो बिन्ती मान्दैन त्यो ॥
थुप्रोमा उपिनी मिठो र नमिठो, रोजेर छान्दैन त्यो ।।।
आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।।।

## हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.स. १९९०/०३/१८

स्वर्गारोहणः
बि.स. २०७८/०३/३०

स्व. टुल्की बराल

श्री जनकल्याण समितिका कार्यसमिति सदस्य शिव प्रसाद बराल आजिवन सदस्य सरस्वती बराल एवं हाम्रा सुभेच्छुक मित्रहरु बाबुराम, कृष्णप्रसाद र बुद्धिप्रसाद बरालका माया, ममता र स्नेहकी खानी पुजनिय आमा टुल्की बरालको असामयिक निधनले पुरै समाज भावबिह्वल भएको छ । यो दुःखद घडीमा स्वर्गीय आत्माको चिर शान्ति र बैकुण्ठबासको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति इश्वरले प्रदान गरुन भनी प्रार्थना गर्दै भावपूर्ण समबेदना प्रकट गर्दछौ।

देवराज बराल — अध्यक्ष
एवं
कुमार के.सी. — महासचिव

श्री जनकल्याण समिति परिवार
पोखरा -१३, सिद्धकालिका स्थान



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि. सं. १९८६/०२/१२ गते

स्वर्गारोहणः
वि. सं. २०७८/०३/३० गते

स्वः जगत कृष्ण कर्माचार्य

यस महेन्द्र माध्यमिक विद्यालय, नयाँवजार, पोखरा-९, का विद्यालय व्यवस्थापन समितिका भू.पू. अध्यक्ष **जगतकृष्ण कर्माचार्य** को ९२ वर्षको उमेरमा भएको असामयिक स्वर्गारोहणले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दुःखद घडिको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

रामदत्त पौडेल — प्रधानाध्यापक
शिवराज वास्तोला — अध्यक्ष (वि.व्य.स.)

तथा

**श्री महेन्द्र माध्यमिक विद्यालय परिवार**
**पोखरा-९, नयाँवजार, कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.स. १९८६/०१/१५ गते

स्वर्गारोहणः
वि.स. २०७८/०३/३० गते

स्वः तेज बहादुर के. सी.

पोखरा महानगरपालिका वडा नं. १० बुद्धचोक गौरी मार्ग निवासी हाम्रा सम्धी **तेज बहादुर के.सी.**को ९३ वर्षको उमेरमा असामयीक निधन भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चीरशान्तिको कामनाका साथै बैकुण्ठवासको भगवानसँग प्रार्थना गर्दै आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**सम्धीः बल बहादुर कार्की**
**सम्धिनीः दुर्गादेवी कार्की**
**तथा**
**कार्की परिवार**
**पोखरा-१२, ढिकालेथर**